कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

सिटि होटल लिमिटेड
City Hotel Limited

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं, नेपाल, पो.व.नं. ८८०१, काठमाण्डौं ।
फोन नं. ५६७१२००/५६७१२०१/५९१२८१२/३/४ फ्याक्स नं. ५३८१२३५
इमेल: cs@cityhotel.com.np वेबसाइट: www.cityhotel.com.np

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

सिटि होटल लिमिटेडको मिति २०८२/०४/२६ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ ०.८० (१ : ०.८०) शेयरको अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,३३,९२,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **यही मिति २०८२/०५/२३ गतेका दिन देखि २०८२/०६/१२ गतेसम्म (बैंकिङ्ग समयसम्म)** गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु:
१.	प्रभु क्यापिटल लि., कमलादी, काठमाडौं
२.	श्री प्रभु बैंक लिमिटेड, इलाम शाखा
३.	श्री प्रभु बैंक लिमिटेड, जाउलाखेल शाखा
४.	श्री प्रभु बैंक लिमिटेड, वीरगंज शाखा
५.	श्री प्रभु बैंक लिमिटेड, पोखरा शाखा
६.	श्री प्रभु बैंक लिमिटेड, बुटवल शाखा
७.	श्री प्रभु बैंक लिमिटेड, सुर्खेत शाखा
८.	श्री प्रभु बैंक लिमिटेड, धनगढी शाखा।
९.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C-ASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा प्रभु क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री सिटि होटल लिमिटेडको वेभसाइट www.cityhotel.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटेडको वेभसाइट www.prabhucapital.com मार्फत हेर्न सक्नेछन् ।

अन्य विस्तृत जानकारीको लागि **मिति २०८२/०५/०५ गतेको** "**नागरिक**" दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट Website : www. prabhucapital.com, निष्काशन कम्पनीको वेवसाइट www.cityhotel.com.np अथवा नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

प्रभु क्यापिटल लिमिटेड
रजिष्टर्ड कार्यालय: कमलादी, काठमाण्डौं, नेपाल
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

मिति २०८२/०५/६ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने ।
मिति २०८२/०५/७ गतेको नागरिक दैनिकमा प्रकाशित गर्ने ।